Far Western University
# Incubation Center
Estd.: 2023
Dhangadhi, Kailali

Ref. No.:

मिति: २०८३/०६/०३

सुदूरपश्चिम विश्वविद्यालय इन्क्युबेसन सेन्टर
कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली

# सुदूरपश्चिम नवउद्यमी सम्मेलन २०८३
# Sudurpashchim Startup Summit 2026

### स्थानीय सम्भावनादेखि लगानीयोग्य उद्यमसम्म
### From Local Potential to Investable Enterprises

## सहभागिताका लागि आवेदन आह्वानसम्बन्धी सूचना

सुदूरपश्चिम विश्वविद्यालय, कैलाली बहुमुखी क्याम्पसअन्तर्गतको इन्क्युबेसन सेन्टरको आयोजनामा राष्ट्रिय योजना आयोग र सुदूरपश्चिम प्रदेश सरकारको सहयोग तथा स्थानीय तह, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र एवं अन्य साझेदार संस्थाहरूको सहकार्यमा **सुदूरपश्चिम नवउद्यमी सम्मेलन २०८३** आयोजना गरिँदैछ।
सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय सम्भावना, नवीन सोच, व्यावहारिक सीप, प्रविधि तथा बजार अवसरलाई पहिचान गरी तिनलाई व्यवहारिक, दिगो र लगानीयोग्य उद्यममा रूपान्तरण गर्न सहयोग पुऱ्याउनु यस कार्यक्रमको प्रमुख उद्देश्य हो। कार्यक्रममार्फत उद्यमशील प्रतिभाको पहिचान तथा विकास, स्थानीय स्रोत र सीपको व्यावसायीकरण, नयाँ उद्यम स्थापना, स्थानीय मूल्य अभिवृद्धि, रोजगारी तथा आयआर्जनका अवसर सिर्जना र प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउने लक्ष्य राखिएको छ।
यो सम्मेलनलाई उद्यमशील प्रतिभा पहिचान तथा छनोट, सम्मेलनपूर्व प्रशिक्षण तथा बजार परीक्षण, तीनदिने नवउद्यम प्रशिक्षण शिविर, डेमो डे तथा लगानीकर्तासमक्ष व्यावसायिक प्रस्तुति, वित्तीय तथा लगानी पहुँच र त्यसपछिको उद्यम विकास कार्यक्रमसम्म जोड्ने समग्र उद्यम विकास प्रक्रियाका रूपमा सञ्चालन गरिनेछ।

### १. को सहभागी हुन सक्छन् ?

- विश्वविद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थी एवं भर्खरै स्नातक पूरा गरेका व्यक्ति
- युवा उद्यमी तथा प्रारम्भिक चरणका व्यवसायी
- नयाँ व्यवसाय वा उद्यम सुरु गर्न इच्छुक युवा
- प्राविधिक, व्यावसायिक वा व्यवहारिक सीप भएका युवा
- वैदेशिक रोजगारीबाट फर्किएका युवा
- स्थानीय समस्या, आवश्यकता वा बजार अवसर पहिचान गरेका व्यक्ति
- नवीन, सिर्जनशील तथा सम्भावनायुक्त व्यावसायिक विचार भएका व्यक्ति
- आफ्नो सीप, स्थानीय स्रोत वा प्रविधिलाई व्यवसायमा रूपान्तरण गर्न इच्छुक व्यक्ति

आवेदन दिनका लागि विस्तृत व्यवसाय प्रस्ताव, कम्पनी दर्ता वा सञ्चालनमा रहेको व्यवसाय हुनु अनिवार्य छैन। आवेदकले आफ्नो व्यावसायिक अवधारणा (business idea), स्थानीय रूपमा देखेको समस्या वा बजार अवसर, रुचिको व्यावसायिक क्षेत्र, प्राविधिक/व्यावहारिक सीप वा प्रारम्भिक उद्यमका आधारमा आवेदन दिन सक्नेछन्।



CS CamScanner

Ref. No.:

**२. प्राथमिकताका उद्यम क्षेत्रहरू**

कृषि, कृषि प्रशोधन तथा कृषिजन्य व्यवसाय; औषधीय जडीबुटी तथा प्राकृतिक उत्पादन; पर्यटन तथा हस्पिट्यालिटी; डिजिटल ट्रान्समिसन, एआई तथा आईटी; प्राविधिक तथा व्यावसायिक सेवाहरू; हस्तकला, मौलिक ज्ञान तथा ब्रान्डिङ; सर्कुलर इकोनमी तथा ग्रीन इन्टरप्राइज; शिक्षा, स्वास्थ्य तथा केयर इकोनमी; तथा समावेशी एवं डिजिटल फाइनान्सियल सेवा लगायतका क्षेत्रमा स्थानीय आवश्यकता, स्रोत, सीप र बजार सम्भावनासँग जोडिएका नवीन व्यावसायिक विचारलाई प्रोत्साहन गरिनेछ।

**३. सहभागी छनोट प्रक्रिया**

प्राप्त आवेदनहरूको प्रारम्भिक मूल्याङ्कन गरी आवश्यकताअनुसार छोटो अन्तर्वार्ता वा छलफलसमेत गर्न सकिनेछ। उद्यमशील अभिप्रेरणा तथा कार्यक्रमपछिको प्रतिबद्धता, सुदूरपश्चिमको स्थानीय आवश्यकता तथा अवसरसँगको सान्दर्भिकता, कार्यान्वयन क्षमता, सीप तथा अनुभव, बजार/ग्राहक सम्भावना, सिकाइ तथा समूहमा काम गर्ने तत्परता र समावेशितालाई आधार मानी करिब ७० जना सहभागीलाई दुई समूहमा विभाजन गरी छनोट गरिनेछ।

**४. सम्मेलनपूर्व प्रशिक्षण तथा बिजनेस भ्यालिडेटेसन**

छनोट भएका सहभागीहरूलाई सम्मेलनअघि उद्यमशीलताको आधार, सेवाग्राही र उपभोक्ताको खोज, बजार अनुसन्धान, बिजनेस मोडेल, वित्तीय साक्षरता, लागत तथा बजारको अवस्था लगायतका विषयमा प्रशिक्षण तथा मेन्टरसिप प्रदान गरिनेछ। सहभागीहरूले सम्भावित ग्राहक, प्रतिस्पर्धी, आपूर्तिकर्ता र बजारबारे प्रारम्भिक अध्ययन गरी आफ्नो विचार वा अवधारणालाई वास्तविक बजारसँग परीक्षण र परिष्कृत गर्नेछन्।

**५. तीनदिने नवउद्यम प्रशिक्षण शिविर**

छनोट भएका सहभागीहरूले २०८३ साल कार्तिक १३, १४ र १५ गते आयोजना हुने तीनदिने नवउद्यम प्रशिक्षण शिविरमा सहभागी भई आफ्नो विचार वा व्यावसायिक अवधारणालाई थप विकास गर्ने अवसर प्राप्त गर्नेछन्। प्रशिक्षणमा ग्राहक तथा बजार प्रमाणीकरण, व्यावसायिक मोडल तथा युनिट इकोनोमिक्स, प्रोटोटाइप/एमभीपी विकास, ब्रान्डिङ, बिक्री तथा डिजिटल बजार पहुँच, उद्यमका लागि कृत्रिम बौद्धिकता (एआई) तथा डिजिटल उपकरण, पूँजी तथा लगानीकर्ता तयारी, परामर्श तथा मार्गदर्शन र प्रस्तुति तयारीलगायतका विषयमा व्यावहारिक प्रशिक्षण तथा परामर्श प्रदान गरिनेछ।

**६. डेमो डे / इन्भेस्टर पीच**

प्रशिक्षण तथा मूल्याङ्कन प्रक्रियाबाट सम्भावनायुक्त ठहरिएका उद्यमहरूलाई अन्तिम चरणमा आयोजना हुने डेमो डे/ इन्भेस्टर पिचमा आफ्नो व्यावसायिक अवधारणा, बिजनेस मोडेल, ग्राहक तथा बजारसम्बन्धी प्रमाण, प्रोटोटाइप/एमभीपी, लागत तथा मूल्य निर्धारण, वित्तीय आवश्यकता र लगानी प्रस्ताव विशेषज्ञ, उद्यमी, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, लगानीकर्ता तथा सम्बन्धित सरकारी निकायसमक्ष प्रस्तुत गर्ने अवसर प्रदान गरिनेछ।

**७. बीउपूँजी सहयोग, वित्तीय पहुँच तथा लगानी सहजीकरण**

मूल्याङ्कनबाट उच्च सम्भावना भएका उद्यमहरूलाई उपलब्ध स्रोत, उद्यमको गुणस्तर, आवश्यक मूल्याङ्कन तथा समुचित जाँच तथा मूल्याङ्कनका आधारमा बीउपूँजी सहयोग, बैंक तथा वित्तीय संस्थामार्फत वित्तीय पहुँच, लगानीकर्तासँग सम्पर्क तथा लगानी मिलान, प्राविधिक सहयोग, बजार तथा व्यावसायिक सञ्जालसँग सम्पर्क, परामर्श तथा मार्गदर्शन र उद्यम विकास सहयोगका लागि सहजीकरण गर्न सकिनेछ। कुनै पनि आर्थिक सहयोग वा लगानी उद्यमको सम्भाव्यता, उपलब्ध स्रोत तथा सम्बन्धित संस्था वा लगानीकर्ताको निर्णयका आधारमा उपलब्ध हुनेछ।



CamScanner

Ref. No.:

**८. ९० दिने उद्यम विकास कार्यक्रम**

छनोट भएका सम्भावनायुक्त उद्यमहरूलाई कैलाली बहुमुखी क्याम्पसको उद्यम विकास केन्द्रमार्फत प्रारम्भिक ९० दिने उद्यम विकास कार्यक्रममा आबद्ध गरिनेछ। यस अवधिमा ग्राहक प्रमाणीकरण, प्राविधिक सम्भाव्यता मूल्याङ्कन, नमुना उत्पादन/न्यूनतम व्यवहार्य उत्पादन विकास, लागत निर्धारण तथा मूल्य निर्धारण, ब्रान्ड निर्माण, व्यवसाय दर्ता तथा आवश्यक मापदण्ड, पहिलो बिक्री/परीक्षण, लेखा व्यवस्थापन, बैंक तथा वित्तीय पहुँच र लगानीकर्तासँग सम्पर्कलगायतका क्षेत्रमा चरणबद्ध सहयोग तथा मार्गदर्शन प्रदान गरिनेछ।

**९. कार्यक्रम तथा आवेदनसम्बन्धी विवरण**

| | |
|---|---|
| **कार्यक्रम** | सुदूरपश्चिम नवउद्यमी सम्मेलन २०८३ |
| **सम्मेलन मिति** | २०८३ साल कार्तिक १३, १४ र १५ गते |
| **स्थान** | कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली |
| **आवेदन पेस गर्ने अन्तिम मिति** | २०८३ साल असोज मसान्त |

**व्यावसायिक प्रस्तावनाको ढाँचा :**
१. व्यावसायको नाम (Name of Business Plan)
२. व्यावसायको पृष्ठभूमि (Background of Business)
३. व्यवसायको प्रकृति (Nature of Business)
४. वित्तीय योजना (Financial Plan)
५. उत्पादन वा सेवाको विशिष्टीकरण (Product or Service Specification)
६. बजारीकरण रणनीति (Marketing Strategies)
७. दिगोपन योजना (Sustainability Plan)
८. नवीनता / नवप्रवर्तनशीलता (Innovativeness)
९. व्यावसायिक नैतिकता (Business Ethics)

**प्रस्तावना पठाउने इमेल:** incubation@fwu.edu.np

**सम्पर्क नं.:** 9858423563 (Shiba Prasad Sapkota), 9858034200 (Dharma Raj Joshi), 9848425535 (MS Saud)

**नोट:** छनोट भएका आवेदकहरूलाई सम्मेलनपूर्व प्रशिक्षण, व्यावसायिक सघन प्रशिक्षण शिविर (Bootcamp) तथा अन्य आवश्यक प्रक्रियाबारे इमेल/फोनमार्फत जानकारी गराइनेछ।

**आयोजक**

**इन्क्युबेसन सेन्टर**
**कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली**
**सुदूरपश्चिम विश्वविद्यालय**

**सहयोग**
राष्ट्रिय योजना आयोग । सुदूरपश्चिम प्रदेश सरकार

**सहकार्य**
स्थानीय तहहरू । बैंक तथा वित्तीय संस्थाहरू । निजी क्षेत्र । अन्य साझेदार संस्थाहरू



CamScanner

सुदूरपश्चिम विश्वविद्यालय
कैलाली बहुमुखी क्याम्पस
(स्थापित : वि.सं.२०३७)
धनगढी, कैलाली

प.सं.:२०८३/८४
च.नं. : ३४२

मिति: २०८३/०६/०९

श्री सुदूरपश्चिम विश्वविद्यालय,
केन्द्रीय कार्यालय, केन्द्रीय क्याम्पस, आंगिक क्याम्पस, सम्बन्धन प्राप्त क्याम्पस सबै

**विषय: "सुदूरपश्चिम स्टार्टअप समिट (नवउद्यमी सम्मेलन) २०८३" मा सहभागिताका लागि निमन्त्रणा।**

महोदय
सुदूरपश्चिम विश्वविद्यालय, कैलाली बहुमुखी क्याम्पस, धनगढीअन्तर्गतको इन्क्युबेसन सेन्टरको आयोजनामा विद्यार्थी, युवा उद्यमी तथा नवप्रवर्तनशील युवाहरूका नवीन व्यावसायिक विचारलाई पहिचान, विकास तथा उद्यममा रूपान्तरण गर्ने उद्देश्यले **Sudurpaschim Startup Summit 2083** आयोजना हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराइन्छ।
समिटको मुख्य उद्देश्य नवीन व्यावसायिक विचार तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्दै सम्भावनायुक्त विचारलाई उद्यममा रूपान्तरण, स्वरोजगार तथा रोजगारी सिर्जना र सुदूरपश्चिम प्रदेशको आर्थिक विकासमा योगदान पुर्‍याउनु हो। कार्यक्रममा विद्यार्थी, युवा उद्यमी, व्यवसायी तथा नयाँ उद्यम सञ्चालन गर्न इच्छुक युवाहरूले आफ्ना Business Idea/Business Proposal प्रस्तुत गर्नेछन्।
यस महत्वपूर्ण अभियानमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय योजना आयोग, सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग, सम्बन्धित सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवाला संस्थाहरूको सहभागिता, सहकार्य तथा सहयोगको अपेक्षा रहेको छ।
तसर्थ, यहाँको गरिमामय उपस्थिति तथा आवश्यक सहकार्य/सहयोगका लागि हार्दिक निमन्त्रणा गर्दछौं। सम्भावनायुक्त विचार तथा उद्यमलाई वित्तीय, प्राविधिक, मेन्टरसिप, बजार तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने अवसरसमेत यस समिटले सिर्जना गर्ने विश्वास लिइएको छ।

**नवीन विचारदेखि उद्यमसम्म विचार प्रस्तुत गरौँ, भविष्य निर्माण गरौँ**

**मिति: २०८३ साल कार्तिक १३, १४ र १५ गते**
**स्थान: कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली**

**भवदीय,**

..................

**डा. लोक बहादुर बिस्ट**
**क्याम्पस प्रमुख**
**कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली**
**सुदूरपश्चिम विश्वविद्यालय**

क्याम्पस प्रमुख



CamScanner